# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, फागुन ११ गते २०२३ साल [ अतिरिक्ताङ्क ५० (क)


### निर्वाचन–आयोगको
### सूचना

निर्वाचन आयोग अध्यादेश, २०२३ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले जारी गरेको देहायको आदेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

(१) गाउँ–पञ्चायत र नगर–पञ्चायतका प्रधान पञ्च, उप–प्रधान पञ्च, एक तिहाई सदस्यहरूको पदावधि समाप्त भई रिक्त भएका स्थानहरू र अन्य रिक्त स्थानहरू, जिल्ला सभाका रिक्त स्थानहरू, जिल्ला–पञ्चायत र अञ्चल-पञ्चायतका सभापति, उप–सभापति, एक तिहाई सदस्यहरूको पदावधि समाप्त भई रिक्त भएका स्थानहरू र अन्य रिक्त स्थानहरू तथा राष्ट्रिय पञ्चायतका एक तिहाई सदस्यहरूको पदावधि समाप्त भई रिक्त भएका स्थानहरू र अन्य रिक्त स्थानहरूको निमित्त निर्वाचन गर्दा गराउँदा सम्बन्धित निर्वाचन अफिसरले निर्वाचन आयोग अध्यादेश, २०२३ को अधीनमा रही जुन जुन तहको पञ्चायतको निर्वाचन गराउने हो तत् तत् पञ्चायतको सम्बन्धमा भैरहेका देहायका ऐन तथा नियमावलीहरूमा व्यवस्था गरिए अनुसार नै निर्वाचन सञ्चालन गर्नु गराउनु पर्दछः–

क. गाउँ–पञ्चायत (निर्वाचन) नियमावली, २०२०

ख. नगर–पञ्चायत (निर्वाचन) नियमावली, २०१९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

695

ग. जिल्ला–पञ्चायत (निर्वाचन) नियमावली, २०१९

घ. अञ्चल–पञ्चायत (निर्वाचन) नियमावली, २०१९

ङ. राष्ट्रिय–पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९

च. राष्ट्रिय–पञ्चायत (स्नातक प्रतिनिधित्व) ऐन, २०१९

छ. राष्ट्रिय–पञ्चायत (वर्गीय तथा व्यावसायिक संगठन प्रतिनिधित्व) ऐन, २०१९

(२) नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनका विभिन्न तहका रिक्त स्थानहरूको निर्वाचन गर्दा गराउदा सम्बन्धित निर्वाचन अफिसरले निर्वाचन आयोग अध्यादेश, २०२३ को अधीनमा रही त्यस्तो प्रत्येक वर्गीय तथा व्यावसायिक संगठनको निर्वाचनको निमित्त श्री ५ को सरकारले राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ५ अन्तर्गत जारी गरेको निर्वाचनसम्बन्धी निर्देशनहरूमा व्यवस्था गरिएअनुसार नै निर्वाचन सञ्चालन गर्नु गराउनु पर्दछ ।

(३) विभिन्न तहका पञ्चायतहरू र वर्गीय तथा व्यावसायिक संगठनहरूको निर्वाचनको सम्बन्धमा भइरहेका माथि उल्लेख गरिएका ऐन, नियम तथा निर्देशनहरूमा तोकिएको निर्वाचन अफिसरको काम, कर्तव्य र अधिकारहरू मध्ये निर्वाचन अफिसरले आफूले आवश्यक ठानेबमोजिमको अधिकारहरू आफू मुनिका रिटर्निङ अफिसर, प्रिजाईडिंग अफिसर र पोलिङ अफिसरहरूलाई सुम्पन सक्ने छ ।

(४) उपर्युक्त उल्लिखित ऐन, नियम तथा निर्देशनहरूमा जहाँ जहाँ निर्वाचन अफिसरले श्री ५ को सरकार वा सम्बन्धित विभागलाई निर्वाचनको नतिजाको सूचना दिनुपर्ने भनी उल्लेख भएकोछ तत् तत् अवस्थामा निर्वाचन अफिसरले त्यस्तो सूचना निर्वाचन आयोगलाई समेत दिनु पर्दछ ।

आज्ञाले–

थीरबहादुर रायमाझी

सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 620